नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं।

मितिः-२०७८/०२/१८

आर्थिक अध्यादेश, २०७८ तथा नियमावलीहरूमा भएको संशोधन सम्बन्धी सूचना।

मिति २०७८/०२/१५ गते जारी भएको आर्थिक अध्यादेश, २०७८ द्वारा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ मा गरेका मुलभूत संशोधनहरू, सम्बन्धित नियमावलीहरूमा भएका संशोधनहरू र विभिन्न छुट तथा सुविधाहरू (स्कीम) का व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्। साथै यस सम्बन्धी पूर्ण विषयवस्तु आर्थिक अध्यादेश, २०७८ तथा सम्बन्धित नियमावलीबाट जानकारी लिनु हुन समेत अनुरोध गरिन्छ।

आर्थिक अध्यादेश तर्फः-

(क) शिक्षा सेवा शुल्क (दफा ८, २०७८ जेठ १५ देखि लागू हुने)

विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम तोकिएको म्यादभित्र दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्ने व्यवस्था गरिएको। यसरी सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत फिर्ता दिइने व्यवस्था गरिएको।

(ख) छुट तथा सुविधा (स्कीम)

(१) प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा रहेका मुद्दा फिर्ता लिएमा कर छुट (दफा २०, २०७८ जेठ १५ देखि लागू हुने)

मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधीन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण

वा अदालतमा पुनरावेदनमा गई विचाराधीन रहेका मुद्दामध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण वा संशोधित कर निर्धारण बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आयकर बापतको कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज मिन्हा हुने।

(२) **बक्यौता मिन्हा सम्बन्धी विशेष व्यवस्था (दफा २१, २०७८ जेठ १५ देखि लागू हुने)**

(क) अन्तःशुल्क ऐन, २०१५ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम, आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकममध्ये अन्तःशुल्क वा कर रकमको पचहत्तर प्रतिशत रकम संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको जरिबाना, शुल्क, ब्याज र बाँकी अन्तःशुल्क वा कर मिन्हा हुने।

(ख) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेको रकममध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौता बाहेक अन्य बक्यौताको हकमा कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याज संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुने।

(ग) गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम आन्तरिक राजस्व कार्यालयबाट संवत् २०७८ साल जेठ १५ गतेभन्दा अघि कर निर्धारण वा संशोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका त्यस्ता करदाताले संवत् २०७८ साल पुस मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुने।

(३) **उत्पतिको प्रमाणपत्र जारी गरे वापतको छुट (दफा २२, २०७८ जेठ १५ देखि लागू हुने)**

निकासी प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय वा संस्थाले संवत् २०७८ साल

जेठ १४ गतेसम्म त्यस्तो प्रमाणपत्र जारी गरे बापत बुझाउन बाँकी मूल्य अभिवृद्धि कर वा सो मितिसम्म आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिबाना मिन्हा हुने।

(४) ट्रेकिङ्ग तथा टुर प्याकेजमा छुट (दफा २३, २०७८ जेठ १५ देखि लागू हुने)

(क) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्तिले विगतमा ट्रेकिङ्ग तथा टुर प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारलाई कर छुटको बिक्री अन्तर्गत देखाई मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेकोमा संवत् २०७८ साल जेठ १४ गतेसम्मको कारोबारको स्वयं घोषणा गरी त्यस्तो कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।

(ख) उपदफा (१) बमोजिम कर छुटको बिक्री अन्तर्गतको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई तिर्न बाँकी रहेको बक्यौता करमध्ये निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।

(ग) उपदफा (२) बमोजिम भएको कर निर्धारण उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरणमा निवेदन दिई मुद्दा विचाराधीन रहेको व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।

(५) स्वास्थ्य सेवा प्रदायक संस्थालाई छुट (दफा २४, २०७८ जेठ १५ देखि लागू हुने)

स्वास्थ्य सेवा प्रदायक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करमा मिलान हुन नसकेको बाँकी रकम स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज भई कर विवरणमा डेबिट समायोजन गर्दा तिर्न बुझाउन बाँकी रहेको रकममध्ये त्यसरी समायोजन गरेको कर रकम संवत् २०७९ साल असार मसान्तभित्र बुझाएमा सोमा लागेको थप दस्तुर र ब्याज मिन्हा हुने।

(६) ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था (दफा २५, २०७८ जेठ १५ देखि लागू हुने)

ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७६/७७

मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने।

(७) अन्तःशुल्क इजाजतपत्र नवीकरणमा छुट (दफा २६, २०७८ जेठ १५ देखि लागू हुने)

(क) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिबाना मिन्हा हुने।

(ख) उपदफा (१) मा तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुने।

(८) जिएसएम मोवाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण दस्तुरको खर्च कट्टी तथा आय लेखाङ्कन सम्बन्धी विशेष व्यवस्था (दफा २७, २०७८ जेठ १५ देखि लागू हुने)

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/१० को निर्णय अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको जिएसएम मोafइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण बापत आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७५/७६ सम्मको बुझाउनु पर्ने दस्तुर आर्थिक वर्ष २०७५/७६ देखि पाँच किस्तामा भुक्तानी गर्ने सुविधा प्रदान भए बमोजिम प्रत्येक वर्ष भुक्तानी गर्नु पर्ने किस्ता बापतको रकम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले भुक्तानी गरेको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने।

(ख) उपदफा (१) बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले किस्ताबन्दी रुपमा भुक्तानी गरेको नवीकरण दस्तुर बापतको रकम नेपाल दूरसञ्चार प्राधिकरणले त्यसरी भुक्तानी प्राप्त भएको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा आयमा समावेश गरी कर दायित्व भुक्तानी गर्नु पर्ने।

(९) कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट (दफा २८, २०७८ जेठ १५ देखि

लागू हुने)

(१) बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई ***आय वर्ष २०७७/७८ मा*** लाग्ने करमा ***नब्बे प्रतिशत*** छुट हुने।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई ***आय वर्ष २०७७/७८ मा*** लाग्ने करमा ***पचहत्तर प्रतिशत*** छुट हुने।

(३) एक करोड रुपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई ***आय वर्ष २०७७/७८ मा*** आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा ***पचास प्रतिशतले*** छुट हुने।

(४) होटल, ट्राभल, ट्रेकिङ्ग, ***चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस),*** यातायात वा हवाई सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई ***आय वर्ष २०७७/७८ मा*** आयकर ऐन, २०५८ बमोजिमको ***करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ।***

(५) उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुनेछ।

(१०) कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्था (दफा २९, २०७८ जेठ १५ देखि लागू हुने)

कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने।

(११) कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीमा कर छुट (दफा ३०, २०७८ जेठ १५ देखि लागू हुने)

कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने भन्सार उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस

अक्सिजन), उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स्; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर *र ३००४.९०.९० मा पर्ने रेम्डेसिभिरको पैठारी, उत्पादन र बिक्री वितरणमा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म छुट हुने।*

(१२) व्यावसायिक सामाजिक जिम्मेवारी बापतको रकम स्वास्थ्य क्षेत्रमा खर्च गरेमा खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था (दफा ३१, २०७८ जेठ १५ देखि लागू हुने)

आर्थिक वर्ष २०७७/७८ मा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकममध्ये नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टीकृत अस्पताल निर्माण तथा कोभिड- १९ को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर प्रयोजनका लागि कट्टी गर्न पाउने।

(१३) सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्था (दफा ३२, २०७८ जेठ १५ देखि लागू हुने)

योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै योगदानकर्ताले स्वीकृत अवकाश कोषमा

जम्मा गरेको रकम *संवत् २०७८ साल चैत मसान्तभित्र* सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु नपर्ने।

(१४) प्राइभेट फर्म तथा कम्पनी नवीकरणमा छुट (दफा ३३, २०७८ जेठ १५ देखि लागू हुने)

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले संवत् २०७८ साल असोज मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको दश प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिन्हा हुने।

आयकर ऐन, २०५८ मा संशोधनः- (आयकरसँग सम्बन्धित दफाहरु २०७८ साउन १ गते देखि लागू हुने)

१. परिभाषामा संशोधन/ थप/ झिकिएको

- दफा २ को खण्ड (द) को उपखण्ड (२) को स्पष्टीकरण खण्डमा रहेका ***भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा*** भन्ने शब्दहरुको सट्टा ***भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा*** भन्ने शब्दहरु राखिएको।
- दफा २ को खण्ड (कम) मा रहेको ***कमिशन,*** भन्ने शब्द झिकिएको।

२. पुर्वानुमानित कर र करको दरमा संशोधन / थप/ झिकिएको

- दफा ४ कोउपदफा (४) कोखण्ड (ख) को सट्टा देहायको खण्ड (ख) मा व्यवसायबाट प्राप्त ***करयोग्य*** आय ***तीन लाख*** रूपैयाँ र व्यवसायको कारोबार ***तीस लाख*** रूपैयाँभन्दा बढी नभएको भन्ने व्यवस्था थप गरिएको।
- उपदफा (४) को खण्ड ***(ग) र (घ)*** झिकिएको।
- दफा ४ को उपदफा (४क) कोखण्ड (ख) को सट्टा देहायको खण्ड (ख) माव्यवसायबाट प्राप्त ***करयोग्य आय दश लाख रुपैयाँ र व्यवसायको कारोबार तीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी*** भएको भन्ने व्यवस्था थप गरिएको।
- उपदफा (४क) को खण्ड ***(ग)*** झिकिएको।

३. छुट हुने रकमहरु थप गरिएको

- दफा १० को खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थपिएको।

(ठ) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोष (म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम,

(ड) नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम।

४. व्यावसायिक छुट तथा सुविधा सम्बन्धी व्यवस्थामा थप तथा संशोधन गरिएको

- दफा ११ कोउपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको।

  तर कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशतले कर छुट हुनेछ।
- उपदफा (३ङ) को खण्ड (ग) मा रहेका ***पच्चीस प्रतिशत*** भन्ने शब्दहरुको सट्टा ***पैंतीस प्रतिशत*** भन्ने शब्दहरु राखिएको।
- उपदफा (३द) को सट्टा औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना ***वा स्थानान्तरण भई सञ्चालनमा रहेको*** विशेष उद्योगलाई उत्पादन शुरू भएको मितिले ***तीन वर्षसम्म लाग्ने करमा पचास प्रतिशत र त्यसपछिको पाँच वर्षसम्म पच्चीस प्रतिशत*** छुट हुनेछ भन्ने व्यवस्था थप गरिएको।
- उपदफा (३द) पछि देहायका उपदफा (३ध), (३न), (३प) र (३फ) थपिएको।

  (३ध) स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा बीस प्रतिशत छुट हुनेछ।

  (३न) नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने करमा शतप्रतिशत छुट हुनेछ।

  (३प) काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई सञ्चालन भएको मितिले तीन वर्षसम्म लाग्ने करमा शतप्रतिशत र त्यसपछिको दुई वर्षसम्म पचास प्रतिशत छुट हुनेछ।

  (३फ) वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत र त्यस पछिको दुई वर्ष पच्चीस प्रतिशत

छुट हुनेछ।

५. स्टार्ट अप व्यवसायलाई दिएको रकम छुट सम्बन्धी व्यवस्था थप गरिएको

- दफा १२ख. पछि देहायको दफा १२ग. थपिएको।

  १२ग. स्टार्टअप व्यवसायलाई दिएको बीउ पुँजीः कुनै व्यक्तिले सम्बद्ध व्यक्ति बाहेकका बढीमा पाँच वटा स्टार्टअप व्यवसायलाई दिएको प्रति व्यवसाय एक लाखसम्मको बीउ पुँजी उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दाखर्च कट्टी गर्न पाउनेछ।

६. व्यवसाय गाभिएको कारणले हुने निसर्गसम्बन्धी व्यवस्थामा संशोधन

- दफा ४७क. कोउपदफा (६) मा रहेका *निःसर्ग हुन चाहने निकायले संवत् २०७८ असार मसान्तभित्र* भन्ने शब्दहरुको सट्टा *निःसर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र* भन्ने शब्दहरु राखिएको।
- उपदफा (७) मा रहेका *संवत् २०७९ असार मसान्तभित्र* भन्ने शब्दहरुको सट्टा *संवत् २०८० साल असार मसान्तभित्र* भन्ने शब्दहरु राखिएको।

७. सार्वजनिक परिपत्र सम्बन्धी व्यवस्थामा संशोधन तथा थप

- दफा ७५ को उपदफा (२) मा रहेका *विभागमा वा विभागले आवश्यकतानुसार अन्य कुनै स्थानमा वा कुनै माध्यमद्वारा उपलब्ध गराउनेछ* भन्ने शब्दहरुको सट्टा *विभागको आफ्नो वेबसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा वा अन्य विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण गर्न सक्नेछ* भन्ने शब्दहरु राखिएको।

८. कागजात तामेली सम्बन्धी व्यवस्थामा संशोधन तथा थप

- दफा ७९ को उपदफा (१) को खण्ड (क) मा रहेका *टेलिफ्याक्स, टेलेक्स,* भन्ने शब्दहरुको सट्टा **ठेगानामा फ्याक्स,** भन्ने शब्दहरु राखिएको।

९. भुक्तानी गर्दा कर कट्टी सम्बन्धी व्यवस्थामा संशोधन, थप तथा झिकिएको

- दफा ८८ कोउपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको।
- दफा ८८ को उपदफा (१) प्रतिबन्धात्मक वाक्यांशकोखण्ड (९) मा रहेका *विदेशी बैङ्कबाट* भन्ने शब्दहरुको सट्टा विदेशी बैङ्क वा अन्य वित्तीय संस्थाबाट भन्ने शब्दहरु थप गरिएको।

- दफा ८८ को उपदफा (१) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१०) पछि देहायका खण्डहरु (११) र (१२) थपिएको।

  (११) विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशतका दरले।

  (१२) बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले जीवन बीमा कम्पनीलाई निक्षेप बापत भुक्तानी गरेको ब्याजमा पाँच प्रतिशतका दरले।

- दफा ८८ को उपदफा (४) कोखण्ड (ख) पछि देहायको (ख१) थपिएको।

  (ख१) सहकारी बैङ्क तथा सहकारी संघ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याज।

- दफा ८८ को उपदफा (४) को **खण्ड (ङ)** झिकिएको।

१०. अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी सम्बन्धी व्यवस्थामा संशोधन

- दफा ९२ को उपदफा (१) को खण्ड (ट) को सट्टा *एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी* भन्ने शब्दहरु राखिएको।

११. अग्रिम कर असुल गर्ने सम्बन्धी व्यवस्थामा थप तथा संशोधन

- दफा ९५क. कोउपदफा (२) को खण्ड (क) मा रहेका *बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशत* भन्ने शब्दहरुको सट्टा *बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीनसय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीनसय पैंसठ्ठी दिनभन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको सात दशमलव पाँच प्रतिशत* भन्ने शब्दहरु राखिएको।
- दफा ९५क. को *उपदफा (४)* झिकिएको छ।
- दफा ९५क. को उपदफा (६क) पछि देहायका उपदफा (६ख) थप गरिएको छ :-

  (६ख) कुनै व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त भएका बखत सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

१२. आय विवरण सम्बन्धी व्यवस्थामा संशोधन तथा झिकिएको

- दफा ९६ को उपदफा (२) को खण्ड *(ग) को उपखण्ड (३)* झिकिएको।

१३. राजस्व न्यायधिकरणमा पुनरावेदन लाग्ने सम्बन्धी व्यवस्थामा संशोधन तथा थप

- दफा ११६ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएको।

(५) उपदफा (१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम, शुल्क र जरिबानाको पचास प्रतिशत रकम धरौटी वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(६) उपदफा बमोजिम धरौटी रकम वा (५) बैङ्क जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्नु पर्नेछ।

<u>अनुसूची-१ मा संशोधनः</u>

(१) अनुसूची १ को दफा १ को,-

(१) उपदफा (४) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको।

(३) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा तीन सय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशत र तीन सय पैंसठ्ठी दिनभन्दा कम अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा सात दशमलव पाँच प्रतिशतका दरले कर लाग्नेछ।

(२) उपदफा (९) पछि देहायको उपदफा (९क) थपिएको।

(९क) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतिको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।

तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिम भन्दा बढी हुने छैन।

(३) उपदफा (१६) पछि देहायको उपदफा (१६क) थपिएको।

(१६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।

(४) उपदफा (१७) को सट्टा देहायको उपदफा (१७) राखिएको।

"(१७) ऐनको दफा ४क. को उपदफा (४क) बमोजिम कारोबार रकमको कर गणना गर्दा *तीस लाख रुपैयाँसम्मको कारोबारमा* ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सो भन्दा बढीको कारोबार रकममा देहाय बमोजिमको दरले कर लाग्नेछः-

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव दुई पाँच प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव तीन प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव आठ प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत।

आयकर (बाह्रौं संशोधन) नियमावली, २०७८ (२०७८ साउन १ गते देखि लागू हुने)

(१) नियम ५क. नवीकरण सम्बन्धी व्यवस्थामा संशोधनः

नियम ५क. को उपनियम (१) मा रहेका *छ महिनाभित्र* भन्ने शब्दहरुको सट्टा *एक बर्षभित्र* भन्ने शब्दहरु राखिएका छन्।

<u>मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः-</u> (मूल्य अभिबृद्धि कर सम्बन्धित दफाहरु २०७८ जेठ १५ गते देखि लागू हुने)

१. अनिवार्य दर्ता हुनुपर्ने कारोबार सम्बन्धी व्यवस्थामा संशोधनः

दफा १० को उपदफा (२) मा कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ भन्ने व्यवस्था राखी ***उपखण्ड (क) र (ख) बमोजिम अनिवार्य रुपमा दर्ता हुनुपर्ने कारोबारको व्यवस्था*** हटाइएको।

२. दर्ता अभिलेख अद्यावधिक गर्ने व्यवस्थामा संशोधन

दफा १०ग. मा रहेको ***तोकिएको अवधिभित्र*** भन्ने शब्दहरु हटाई वायोमेट्रिक दर्ता प्रणाली निरन्तर गर्न सक्ने व्यवस्था गरिएको।

३. कारोबारको लेखा राख्नु पर्ने व्यवस्थामा संशोधन

- दफा१६कोउपदफा (३) को सट्टा देहायको उपदफा (३) मा *कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता भएको वा नभएको व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि आफैंले प्रमाणित गरेको खरिद बिक्री खाता लेखा राख्ने प्रयोजनको निमित्त प्रयोग गर्नु पर्नेछ। त्यस्तो खाता कर अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ।* भन्ने व्यवस्था राखी कर अधिकृतद्वारा खाता प्रमाणित गरेको खरीद विक्री खाता राख्नु पर्ने व्यवस्था हटाइएको।
- दफा १६ को *उपदफा (३क)* झिकिएको।

४. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने व्यवस्थामा संशोधन/थप

दफा १६ख. मा रहेका ***"हानि नोक्सानी भएको"*** भन्ने शब्दहरु पछि ***"वा उपयोग गर्ने म्याद सकिएको"*** भन्ने शब्दहरु थपिएको।

५. कर निर्धारण गर्न सक्ने व्यवस्थामा संशोधन/थप

दफा २० को उपदफा (४क) पछि उपदफा (४ख) थप गरी *(४ख)उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व न्यायाधिकरण वा अन्य अधिकार प्राप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म कर अधिकृतले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्ने छैन।*

तर त्यस्तो निकायले पुनः छानबिन गर्ने आदेश दिएमा कर निर्धारण गर्न बाधा पुगेको मानिने छैन। भन्ने व्यवस्था राखिएको।

६. **कर असुलीसम्बन्धी व्यवस्थामा संशोधन/थप**

दफा २१ को उपदफा (१) कोखण्ड (ज) पछिखण्ड (झ) थप गरी *म्यादभित्र बुझाउनु पर्ने कर नबुझाउने करदाताको नाम प्रकाशन वा प्रसारण वा विभागको वेबसाइटमा सार्वजनिक गरेर।* भन्ने व्यवस्था राखिएको।

७. **दण्ड सजाय सम्बन्धी व्यवस्थामा संशोधन**

दफा २९ को उपदफा (१) को खण्ड (छ१) झिकिएको।

८. **सार्वजनिक परिपत्र सम्बन्धी व्यवस्थामा संशोधन**

दफा ३२ख. को उपदफा (२) मा रहेका *राष्ट्रियस्तरको पत्रपत्रिकामा* भन्ने शब्दहरुको सट्टा *राष्ट्रियस्तरको पत्रपत्रिका वा अन्य विद्युतीय माध्यमबाट* भन्ने शब्दहरु राखिएको।

९. **धरौटी राखु पर्ने व्यवस्थामा संशोधन/थप**

दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको।

३३. <u>धरौटी राख्नु पर्नेः</u> (१) यस ऐन बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिबानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको धरौटी वा बैङ्क जमानतको रकम गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्नु पर्नेछ।

<u>अनुसूची-१ मा संशोधनः-</u>

(१) ***समूह ५*** को द्रष्टव्यको,-

- बुँदा नं. (५) को सट्टा देहायको बुँदा नं. (५) राखिएको।

  "(५) *औषधि व्यवस्था विभागको सिफारिसमा* औषधि उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ; *शीर्षक ११.०८*

का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार), उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार, शीर्षक १५.२१ मा पर्ने मौरीको वनस्पति तथा अन्य मैन, उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको अन्य चिनी, उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज, उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज, उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज र उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी, उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्टी क्यासे), उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल, उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट, उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड, शीर्षक २७.१२ मा पर्ने ह्वाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली, शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ्ग, शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल्स, उपशीर्षक ३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल, उपशीर्षक ३३०२.९०.०० मा पर्ने सुगन्धयुक्त तत्व, शीर्षक ३४.०२ मा पर्ने टिवइन ८० सोडियम लौरैल सल्फेट, उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन, उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट, उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम, उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड, उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर्स, उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकनहरु, शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज, शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग, उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर, उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल, उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल, उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युव तथा उपशीर्षक ८३०९.९०.१० मा पर्ने पी.पी.क्याप; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक एवं उपशीर्षक ३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.) उत्पादनमा प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ।

- बुँदा नं. (१०) मा

"*उपशीर्षक ९०१८.९०.०० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्गस*" भन्ने शब्दहरुको सट्टा "*उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्ग;*" भन्ने शब्दहरु, "*उपशीर्षक ९४०२.९०.०० मा पर्ने डाइलासिस बेड तथा कुर्सी*" भन्ने शब्दहरुको सट्टा "*उपशीर्षक ९४०२.९०.९० मा पर्ने डाइलासिस बेड तथा कुर्सी;*" भन्ने शब्दहरु, "*उपशीर्षक ९०१८.९०.०० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर*" भन्ने शब्दहरुको सट्टा "*उपशीर्षक ९०१८.९०.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर;*" भन्ने शब्दहरु, "*उपशीर्षक ९०१८.१९.०० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटर्फम र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर.*" भन्ने शब्दहरुको सट्टा "*उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटफर्म र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर.*" भन्ने शब्दहरु राखिएका र "*हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्यूनोकेमेष्ट्री एनालाइजर*" भन्ने शब्दहरु अघि "*उपशीर्षक ९०२७.८०.१० मा पर्ने*" भन्ने शब्दहरु थपिएको।

- बुँदा नं. (११) को अन्त्यमा रहेका

"*उपशीर्षक ९००४.९०.०० मा पर्ने प्रोटेक्टिभ गगल्स*" भन्ने शब्दहरु पछि "*उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस अक्सिजन), उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु*

मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग; उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर" भन्ने शब्दहरु थप गरिएको।

- बुँदा नं. (११) पछि बुँदा नं. (१२) मा *"आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सिफारिसमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्न पैठारी गर्ने कच्चा पदार्थ।"* थप गरिएको।

(२) *समूह ७* को द्रष्टव्यको बुँदा नं. (१) पछि बुँदा नं. (२) मा *"ई-लाइब्रेरी सेवा शुल्क।"* थप गरिएको।

(३) *समूह ९* मा रहेका *"तथा निर्यातको प्रयोजनका लागि भएको कार्गो सेवा"* भन्ने शब्दहरुको सट्टा *"ढुवानी साधनको भाडा, ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) तथा कार्गो सेवा"* भन्ने शब्दहरु राखिएको।

(४) **समूह ११** को खण्ड (आ) को,-

(क) बुँदा नं. (१) पछि बुँदा नं. (१क) मा *"उपशीर्षक ८४७९.८९.६० मा पर्ने साइलो र साइलोमा गरिने कृषि पैदावार भण्डारण बापतको सेवा।"* थप गरिएको।

(ख) बुँदा नं. ४ मा *"मुद्रा सटही (मनि एक्सचेञ्ज), स्वीफ्ट सेवा, हायर पर्चेज कारोबार, निक्षेप तथा कर्जा सुरक्षण सेवा,"* थप गरिएको।

(ग) बुँदा नं. १२ मा रहेका *"सोसँग सम्बन्धित पार्टपुर्जा"* भन्ने शब्दहरु पछि *"तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट)"* भन्ने शब्दहरु थप गरिएको।

(घ) बुँदा नं. २० पछि बुँदा नं. २१ मा *"निर्यात प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी*

गर्ने सेवा। र बुँदा नं. २२ मा *"ट्रेकिङ्ग तथा टुर प्याकेज सम्बन्धी सेवा।"* थप गरिएको।

<u>मूल्य अभिवृद्धि कर (तेइसौं संशोधन) नियमावली, २०७८</u> (२०७८ जेठ १५ गते देखि लागू हुने)

(१) नियम ६ग. को उपनियम (१) मा रहेका *"पचास प्रतिशतले"* भन्ने शब्दहरुको सट्टा *"तीस प्रतिशतले"* भन्ने शब्दहरु राखिएको।

(२) नियम ७ख. मा रहेका *"संवत् २०७८ असार मसान्तभित्र"* भन्ने शब्दहरु झिकिएको।

(३) नियम २३ को उपनियम (१) को,-

(१) खण्ड (छ) को सट्टा खण्ड (छ) मा *"अनसूची-८ बमोजिमको खरिद खाता।"* राखिएको।

(२) खण्ड (छ) पछि *"(ज) अनसूची-९ बमोजिमको बिक्री खाता।"* थप गरिएको।

खरीद खाता तथा विक्री खाताको अनुसूची परिवर्तन गरिएको छ ।

(४) नियम २५ को सट्टा देहायको नियम २५ राखिएको।

"२५. <u>खरिद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १६ को उपदफा (३) *बमोजिम खरिद तथा बिक्री कारोबारको प्रत्येक कर अवधिको अभिलेख करदाता स्वयंले प्रमाणित गरेको खरिद तथा बिक्री खातामा राख्नु पर्नेछ।*

(२) विद्युतीय माध्यमबाट बीजक जारी गर्न अनुमति लिएको करदाता वा विभागले तोकेको अन्य करदाताले नियम २६ बमोजिम प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा खरिद तथा बिक्री कारोबारको विवरण विभागले तोकेको ढाँचामा विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।"

(५) नियम २६ को उपनियम (३ख) मा रहेका *"पर्यटन, चलचित्र घर तथा ढुवानी व्यवसायीले"* भन्ने शब्दहरुको सट्टा *"पर्यटन तथा चलचित्र घरले"* भन्ने शब्दहरु राखिएको।

(६) नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको।

"३१. <u>कागजातको तामेलीः</u> *(१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछ :-*

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम कागजातको तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।"

(७) नियम ३९क. को,-

(१) उपनियम (१) मा रहेका *"हानि नोक्सानी हुन गई"* भन्ने शब्दहरुको सट्टा *"हानि नोक्सानी भएमा वा उपयोग गर्ने म्याद सकिएको कारणले"* भन्ने शब्दहरु राखिएको।

(२) उपनियम (२) मा रहेका *"हानि नोक्सान भएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको"* भन्ने शब्दहरुको सट्टा *"हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको"* भन्ने शब्दहरु राखिएको।

(८) नियमावलीको नियम ४१ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको।

"(ग) सवारी साधनको लागि पेट्रोल।"

(९) नियमावलीको अनुसूची-८ र अनुसूची-९ संशोधन गरिएको।

अनुसूची-८

(नियम २३ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

खरिद खाता

करदाताको नामः .... करदाता दर्ता नं. | | | | | | | | | |

कर अवधिः महिना .... साल ....

बीजक/प्रज्ञापन पत्र नं.						जम्मा खरिद मूल्य (रू.)	कर छुट हुने वस्तु वा सेवाको खरिद/पैठारी मूल्य (रू.)	करयोग्य खरिद (पूँजीगत बाहेक)		करयोग्य पैठारी (पूँजीगत बाहेक)		पूँजीगत करयोग्य खरिद/पैठारी कर	
मिति	बीजक/ प्रज्ञापन पत्र नम्बर	आपूर्तिकर्ताको नाम	आपूर्तिकर्ताको स्थायी लेखा नम्बर	खरिद/ पैठारी गरिएका वस्तु वा सेवाको विवरण	खरिद/ पैठारी गरिएका वस्तुको परिमाण			मूल्य (रू.)	कर (रू.)	मूल्य (रू.)	कर (रू.)	मूल्य (रू.)	कर (रू.
कुल जम्मा													

अनुसूची-९

(नियम २३ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

बिक्री खाता

करदाताको नामः .... करदाता दर्ता नं. | | | | | | | | | |

कर अवधिः महिना .... साल ....

बीजक						जम्मा बिक्री/ निकासी मूल्य (रू.)	स्थानीय कर छुटको बिक्री मूल्य (रू.)	करयोग्य बिक्री		निकासी			
मिति	बीजक नम्बर	खरिदकर्ता को नाम	खरिदकर्ता को स्थायी लेखा नम्बर	वस्तु वा सेवाको नाम	वस्तु वा सेवाको परिमाण			मूल्य (रू.)	कर (रू.)	निकासी गरेको वस्तु वा सेवाको मूल्य (रू.)	निकासी गरेको देश	निकासी प्रज्ञापन पत्र नम्बर	निकासी प्रज्ञापन पत्र मिति
कुल जम्मा													

नोटः विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाता बाहेक अन्य करदाताले खरिद तथा बिक्री खातामा मालवस्तुको विवरण र परिमाण उल्लेख गर्दा एउटा बिलमा दुई भन्दा बढी फरक मूल्य र प्रकारका मालवस्तु खरिद बिक्री भएमा र खुद्रा बिक्रेता भएमा एकमुष्ठ रूपमा बिलको रकम प्रविष्टि गर्न सकिनेछ।

अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः- (अन्तःशुल्कसँग समबन्धित दफाहरु २०७८ जेठ १५ देखि लागु हुने)

(१) दफा ४घ. को उपदफा (२) को सट्टा *"होटल, रेष्टुरेन्ट तथा पार्टी प्यालेस व्यवसायी बाहेक मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सुर्तीजन्य पदार्थको मात्र कारोबार गर्न पाउनेछ।"* भन्ने व्यवस्था राखिएको।

(२) दफा ९ को उपदफा (६क) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको।

(३) दफा ९ को उपदफा (६क) पछि (६ख) मा *"उपदफा (५) वा (६) बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।"* भन्ने व्यवस्था थप गरिएको।

(४) दफा १६ को,-

(क) उपदफा (२) को खण्ड (ग) पछि खण्ड (ग१) मा *"अर्काको नामको ब्राण्ड प्रयोग गरी वा ब्राण्ड नखोली उत्पादन, निष्कासन, भण्डारण वा बिक्री वितरण गरेमा,"* भन्ने व्यवस्था थप गरिएको।

(ख) उपदफा (३) मा रहेका *"अन्तःशुल्क लाग्ने बस्तुको"* भन्ने शब्दहरु पछि *"वा ब्राण्ड नखुलेको हकमा ७० यु.पि. शक्तिको मदिराको"* भन्ने शब्दहरु थप गरिएको।

(ग) उपदफा (६) मा रहेका *"उपदफा (४)"* भन्ने शब्दहरुको सट्टा *"उपदफा (५)"* भन्ने शब्दहरु राखिएको।

(५) दफा १९ को उपदफा (६) पछि देहायका उपदफा *(६क) र (६ख)* थप गरिएको।

"(६क) उपदफा (६) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित अन्तःशुल्क रकममध्ये विवादरहित अन्तःशुल्क रकम बुझाई विवादित अन्तःशुल्क रकम र जरिबानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(६ख) उपदफा (६क) बमोजिम धरौटी वा बैङ्क जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत अन्तःशुल्क रकमलाई समेत गणना गर्नु पर्नेछ।"

<u>अन्तःशुल्क (बाइसौं संशोधन) नियमावली, २०७८</u> (२०७८ जेठ १५ गते देखि लागू हुने)

(१) नियम ६ख. को सट्टा देहायको नियम *६ख.* राखिएको।

"६ख. <u>कागजातको तामेली:</u> *(१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रितपूर्वक दिएको वा बुझाएको मानिनेछ :-*

(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत पठाएको,

(ख) व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा

(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।"

(३) नियमावलीको अनुसूची-२ को,-

(१) सि.नं. २ को खण्ड (क) को बुँदा नं. (६) मा रहेका *"रेष्टुरेन्ट तथा रिसोर्ट"* भन्ने शब्दहरुको सट्टा *"रेष्टुरेन्ट, रिसोर्ट तथा पार्टी प्यालेस"* भन्ने शब्दहरु राखिएको।

(२) सि.नं ३ को खण्ड (ट) पछि देहायको खण्ड *(ठ)* थप गरिएको।

सि.नं.	विवरण	दर रु
(ठ)	*खण्ड (क) देखि (ज) सम्म उल्लेख नभएका तर पैठारी गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि*	*१२,०००।-*